नजुदैपछि प्रधानमन्त्री जोनसनले अगामी    गरेका छन् ।    का समर्थकसमेत रहेका सभामुख बर्काउ    गर्न व्यक्ति निर्वाचित भएका घोषणा गरिन्छ

**प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

# सार्वजनिक निर्माण कार्यान्वयन इकाइ

**प्रदेश नं. ३**

**धुलिखेल, काभ्रेपलान्चोक**

## विषयः प्रस्ताव पेश गर्नेसम्बन्धी सूचना ।

चालू आर्थिक वर्ष २०७६/०७७ मा यस इकाईको कार्यक्षेत्रभित्र पर्ने काभ्रेपालञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप र सिन्धुली जिल्लाका केही स्थानीय तहहरूमा समानुपातिक विकासका लागि खेलकूद मैदान निर्माण गर्ने एवम् केही सामुदायिक विद्यालयहरूमा खेलमैदान, विद्यालयको भौतिक सवलीकरण, घेरवार तथा बाहिरी वातावरण र शुद्ध खानेपानी, स्वच्छ तथा हरित विद्यालय निर्माण गर्ने कार्यक्रम रहेकोले तपसिलको कागजात सहित मिति २०७६ मंसिर ३ गते भित्र मर्मत तथा निर्माण गर्नुपर्ने कार्यहरुको विवरण सहितको प्रस्ताव यस इकाइमा दिनुहनु सम्बन्धित सवैको जानकारीका लागि अनुरोध गरिन्छ ।

**तपशील**

| क्र.सं. | कार्यक्रमको नाम | पेश गर्नुपर्ने कागजातहरू |
|---|---|---|
| १ | समानुपातिक विकासका लागि खेलकुद मैदान निर्माण | • खेलमैदान निर्माणका लागि लालपूर्जा सहितको पर्याप्त जग्गा उपलब्ध भएको प्रमाण वा सम्वन्धित स्थानीय तहबाट जग्गा उपयोग र निर्मित सम्पतिको संरक्षण र उपयोग गर्ने सुनिश्चतता गरेको पत्र सहित खेल मैदान निर्माणका लागि सहमति पत्र<br>• सम्वन्धित स्थानीय तहबाट यस शीर्षकमा अन्य निकायबाट अनुदान प्राप्त गरे नगरेको स्पष्ट खुलेको पत्र<br>• सम्वन्धित स्थानीय तहबाट आफ्नो क्षेत्रभित्र विद्यालयमा बाहेक कुनै पनि उपयुक्त स्थानमा खेलमैदान भए/नभएको स्पष्ट खुलेको सिफारिश पत्र<br>• निर्माण गरिने खेल मैदान पहुँचको आधारमा:<br>क) एक मात्र वडाको लागि उपयुक्त स्थानमा भएको वा दुई वडाको केन्द्रमा भएको वा दुई वा दुईभन्दा बढी वडाको लागि उपयुक्त स्थानमा भएको स्पष्ट खुलेको पत्र<br>• सम्वन्धित स्थानीय तहबाट पनि लगानी गर्ने सुनिश्चता भएको पत्र<br>• मुख्य कार्यहरु समेटिएको प्रस्ताव<br>• डिजाइन र इष्टिमेट गरिएको भए सो सम्बन्धी कागतजातहरु |
| २ | सामुदायिक विद्यालयहरूमा<br>क. खेलमैदान निर्माण<br>ख. भौतिक सवलीकरण,<br>ग. घेराबार तथा बाहिरी वातावरण निर्माण<br>घ. शुद्धखानेपानी, स्वच्छ तथा हरित विद्यालय निर्माण | • खेलमैदान निर्माण, घेराबार तथा बाहिरी वातावरण निर्माण, शुध्द खानेपानी, स्वच्छ तथा हरित विद्यालय निर्माणका लागि लालपूर्जा सहितको पर्याप्त जग्गा उपलब्ध भएको प्रमाण वा सम्वन्धित स्थानीय तहबाट भौतिक निर्माणका लागि सो विद्यालयले उक्त जग्गा उपयोग गर्ने सहमति पत्र<br>• सम्वन्धित स्थानीय तहबाट यस शीर्षकमा अन्य निकायबाट अनुदान प्राप्त गरे नगरेको स्पष्ट खुलेको पत्र<br>• निर्मित सम्पतिको संरक्षण र उपयोग गर्ने सुनिश्चतता गरेको पत्र सहित विद्यालय व्यवस्थापन समितिको निर्णय<br>• कक्षागत रुपमा विद्यार्थीहरुको यथार्थ विवरण<br>क. विद्यार्थी संख्या<br>ख. दलित विद्यार्थीको भर्ना दर<br>ग. छात्राहरुको भर्ना दर<br>घ. विद्यालयको माथिल्लो कक्षामा अध्ययनरत र कक्षा १ का विद्यार्थी संख्याको अनुपात खुलेको पत्र<br>• खेलमैदान, भौतिक सवलीकरण, घेराबार तथा बाहिरी वातावरण निर्माण, शुध्द खानेपानी, स्वच्छ तथा हरित विद्यालय निर्माणको आवश्यकता पर्नाको औचित्य र कारण सहितको प्रस्ताव<br>• मुख्य कार्यहरु समेटिएको प्रस्ताव<br>• डिजाइन र इष्टिमेट गरिएको भए सो सम्बन्धी कागतजातहरु |

**पुनश्चः**

१. यस अघि सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ३ हेटौडामा उक्त कार्यक्रमको प्रस्ताव सहित माग गरी पेश गरिसकेका स्थानीय तह, संघसंस्था तथा विद्यालयहरूको सो मागहरु समेत यस कार्यक्रममा छनौटका लागि समावेश गरिने भएकाले माथि उल्लेख भएका नपुग कागजातहरू भए सो मात्र पेश गर्नु हुन।
२. यसभन्दा अगाडि उक्त प्रकृतिको कार्यक्रम नपरेका स्थानीय तह र विद्यालयहरूलाई छनौटका लागि प्राथमिकता दिइनेछ ।
३. सामुदायिक विद्यालयहरु छनौट गर्दा कुनै पनि विद्यालयले प्राप्ताङ्क उच्च ल्याई प्राथमिकतामा माथिल्लो स्थानमा रहे तापनि एक विद्यालयमा उक्त चार कार्यक्रमहरुमध्ये एक कार्यक्रम मात्र उपलब्ध गराइने ।
४. नमूना विद्यालयका रूपमा छनोट भएका विद्यालयहरूलाई यस कार्यक्रममा छनौटका लागि समावेश नगरिने ।
५. तोकिएको समय सीमाभित्र रीतपूर्वक नपरेका निवेदनहरूलाई छनौटका लागि समावेश नगरिने ।

... जानकारीका लागि यस इकाइमा सम्पर्क गर्न सकिनेछ ।

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

प्रदेश नं. ३, हेटौडा, मकवानपुर

विषयः प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

चालू आर्थिक वर्ष २०७६।०७७ मा यस मन्त्रालय मार्फत ऐतिहासिक, प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाहरुको मर्मत तथा निर्माण,सामुदायिक क्याम्पसहरुको भौत्तिक सवलीकरण, सामुदायिक पुस्तकालय सञ्चालनका लागि अनुदान र सामुदायिक विद्यालय बस सेवाको लागि अनुदान दिने कार्यक्रम रहेकोले तपसिलको कागजात सहित मिति २०७६ मंसिर ३ गते भित्र यस मन्त्रालयमा प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागि अनुरोध छ।

तपशील

| क्र. सं. | कार्यक्रमको नाम | पेश गर्नुपर्ने कागजातहरू |
|---|---|---|
| १ | ऐतिहासिक, प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाहरुको मर्मत तथा निर्माण | १.मर्मत तथा सम्भार गर्ने सम्पदाहरुको जग्गाको लालपूर्जा वा स्थानीय तहबाट निर्मित सम्पतिको संरक्षण र उपयोग गर्ने सुनिश्चिता गरेको पत्र<br>२.सम्पदाहरु ऐतिहासिक महत्वको भएको स्थानीय तहको सिफारिस<br>३.भूकम्पबाट क्षति भए नभएको, पर्यटकीय सम्भावना भएको स्थल भए नभएको ,स्थानीय तहको साझेदारीको सुनिश्चता भए/ नभएको ,एक भन्दा बढी समुदायहरुको साझा सम्पदाको रुपमा रहे/ नरहेको र अन्य निकायबाट कुनै सहयोग पाए/नपाएको सम्बन्धमा खुलाई सम्बन्धित स्थानीय तहबाट सिफारिस गरिएको पत्र<br>४. संस्था दर्ता, विधानको प्रतिलिपि ,मुख्य कार्यहरु समेटीएको प्रस्ताव र डिजाइन र इष्टीमेट गरिएको भए सो सम्बन्धी कागतजातहरु । |
| २ | सामुदायिक क्याम्पसको भौत्तिक सवलीकरण अनुदान | १. क्याम्पसको आफ्नै नाममा रहेको जग्गाको लालपूर्जाको प्रतिलिपि वा स्थानिय तहबाट निर्मित सम्पतिको संरक्षण र उपयोग गर्ने सुनिश्चता गरेको पत्र<br>२. क्याम्पसमा सञ्चालनमा रहेको शैक्षिक कार्यक्रम र नियमित विद्यार्थी सङख्या<br>३. भूकम्पबाट क्षती भई पुनर्निनमार्ण गर्नुपर्ने अवस्था भए नभएको र अधिकतम विद्यार्थी भइ कक्षाकोठा अपुग भए नभएको सम्बन्धमा स्थानीय तहको सिफारिस पत्र<br>४. क्याम्पस अनुमति पत्र र क्याम्पसको विधान र क्याम्पस संचालक/ समितिको निर्णयको प्रतिलिपि<br>५. विद्यार्थी सङ्ख्या सहितको क्याम्पसको प्रोफाइल । |
| ३ | सामुदायिक पुस्तकालय अनुदान | १.आफ्नै भवन वा जग्गाको लालपुर्जा भए सो को प्रतिलिपि<br>२.पुस्तकालय स्थापना भई सञ्चालनमा भएको हुनुपर्ने<br>३.यस शीर्षकमा अन्य निकायबाट अनुदान प्राप्त गरे/ नगरेको खुलेको पत्र।<br>४.पुस्तकालय गाँउपालिका/नगरपालिकाको केन्द्रमा भए /नभएको, नियमितरुपमा खुल्ने गरेको र सोकालागि जनशक्तिको व्यवस्था भए नभएको,सामुदायिक माध्यमिक विद्यालय/शिक्षालय/ क्याम्पस भएको स्थान नजिकै स्थापित भए/नभएको र एक भन्दा बढी स्थानीय तहलाई पायक पर्ने स्थानमा भए/नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहबाट खुलाइ गरिएको सिफारिसपत्र ।<br>५. पुस्तकालय व्यवस्थापन वा संचालक समितिको निर्णयको प्रतिलिपि |
| ४ | विद्यालय वस सेवा अनुदान | १. छनौटका लागि प्रस्ताव पेश गर्ने विद्यालयले देहायका शर्त पुरा गरेको हुनु पर्नेछः<br>क) कक्षा एक देखि बाह्र सम्मको पठनपाठन हुने र विद्यार्थी संख्या कम्तिमा ३६० हुनुपर्ने, |

| | | |
|---|---|---|
| | | ख) विद्यालयको सेवाक्षेत्रभित्र सडक सञ्जालको उपलब्धता हुनुपर्ने,<br>ग) कम्तीमा दुई विद्यालय समायोजन भएको वा हुँने प्रतिवद्धता पत्र सम्बन्धित स्थानीय तहबाट प्रमाणित भएको हुनुपर्ने,<br>घ) बस सेवा सञ्चालनको लागि आवश्यक पर्ने चालक, सहचालक, मर्मत सम्भार र इन्धन व्यवस्थापन विद्यालय र सम्बन्धित स्थानीय तहबाट हुने प्रतिवद्धता पत्र,<br>२. प्रस्ताव सहित पेश गर्नु पर्ने कागजातहरु<br>क) विद्यालयमा अध्ययनरत कुल बिद्यार्थी संख्या (कुल विद्यार्थिमा छात्राको प्रतिशत र दलित, लोपोन्मुख, अतिसीमान्तकृत, सीमान्तकृत तथा सुविधाबाट बञ्चित समुदायको विद्यार्थी प्रतिशत समेत) खुलाइ विद्यालयको प्रोफाइल पेश गर्ने<br>ख) दुई वा दुई भन्दा बढी विद्यालय समायोजन भएको वा हुने प्रतिवद्धता भएको पत्र स्थानीय तहबाट प्रमाणित गराइ पेश गर्ने<br>ग) बिद्यालयको बिगत तीन बर्षको एस.ई. ई. परीक्षाको औषत नतिजा (तिन वर्षको सवै विद्यार्थीको लेजरको प्रमाणित प्रतिलिपि समेत )। |

पुनश्चः

१. यस अघि मन्त्रालयमा प्रस्ताव सहित पेश गरी दर्ता भएका संघसंस्था/विद्यालय/क्याम्पसहरुको मागहरु समेत यस कार्यक्रममा छनौटका लागि समावेश गरिने भएकाले माथि उल्लेख भएका नपुग कागजातहरू भए सो मात्र पेश गर्नु हुन ।

२. तोकिएको समय सीमाभित्र रीतपूर्वक नपरेका निवेदनहरूलाई छनौटका लागि समावेश नगरिने व्यहोरा समेत जानकारी गराइन्छ ।